आ.व. २०७४/०७५ को १७ औं बैठक

आज मिति २०७५ साल बैसाख २५ गते बुधबार राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१ धर्मराज वली, लेखापाल ।

२. रेशमराज अधिकारी ।

३. तिर्थराज ग्वाली

Scanned with CamScanner

## बैठकका प्रस्तावहरु

१ .योजना तथा कार्यत्रम संसोधन सम्वन्धमा ।

२ सम्पुरक कोषवाट वजेट विनियोजन सम्वन्धमा ।

३ वाटो सार्वजनिक गर्ने सम्वन्धमा ।

४.खोप भवन निर्माण सम्वन्धमा ।

५.एकिकृत सम्पत्तिकर प्रयोजनको लागि सम्पत्ति विवरण फाराम दाखिला सम्वन्धमा ।

६.अ.हे.व. तथा अ.न.मी.खटाउने सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा देहाय अनुसारका कार्यक्रम तथा योजनाहरुलाई संसोधन गरि तपसिल वमोजिम कायम गर्ने निर्णय गरियो ।

| सि. नं. | साविकको योजना तथा कार्यत्रमको नाम | साविक वजेट | वडा नं. | हालको संसोधित कार्यक्रम | बजेट रकम रु | बाँकी वजेट रु |
|---|---|---|---|---|---|---|
| १ | गुडिया वनाउने तालिम | ५०,००० | २ | सिलाइ कटाई तालिममा थप | ५०,००० | ० |
| २ | च्याउ खेती तालिम | ५०,००० | २ | सिलाई कटाई तालिम | ५०,००० | ० |
| ३ | लालमटिया खानेपानी भौतिक निर्माण | ७,००,००० | २ | कालिका चोक देखि हर्षेडाँडा जानेवाटोमा दुवै तर्फ पक्की नाला | ७,००,००० | ० |
| ४ | अटो भिलेज संभाब्यता अध्ययन | १,५०,००० | १ | पर्यटन विकास गुरु योजना निर्माण | ५०,००० | १,००,००० |
| ५ | वाल विकास केन्द्र भौतिक सुधार | ७९०००० | | १)वाल विकास केन्द्रलाई आवश्यक शैक्षिक तथा अन्य ब्यवस्थापन सामाग्री खरिद<br>२)कार्पेट खरिद | ३,९०,०००<br>४,००,००० | ० |
| ६ | निशुल्क स्वास्थ्य शिविर | १,५०,००० | ९ | १,सल्ले वाउरी खापा पाईप खरिद<br>२सिलाई कटाई तालिम | १५,०००<br>१३५००० | ० |
| ७ | सिलाई कटाई | ६९,८६० | ४ | डल कुसन तालिममा थप्ने | ६९,८६० | ० |
| ८ | पेट्रोल पम्व देखि विपी आ.वि. सम्मको वाटो निर्माण | २,००,००० | ३ | सिरीचौर खानेपानी भवन | २,००,००० | ० |

Scanned with CamScanner

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिकाको समपुरक कोषवाट निम्न अनुसारका योजना कार्यक्रममा वजेट विनियोजन गर्ने निर्णय गरियो

| सि.नं. | योजना कार्यक्रमको नाम | रकम रु | वडा नं. | विनियोजित कार्यक्रम | वजेट रु | वाँकी वजेट रु |
|---|---|---|---|---|---|---|
| १ | समपुरक कोष | १५,००,००० | ३ | नवज्योती आ.वि.सिरीचौर सिढी निर्माण् | १,५०,००० | १३,५०,००० |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँपालिकाको भवन निर्माण तथा जग्गा विक्री वितरणमा देखिएको समस्या समाधानका लागि आ-आफ्नो टोल वस्तिमा सडकहरु मिति २०७५।२।३० भित्र सार्वजनिक गर्नुपर्ने र सार्वजनिक नगरिएका सडकहरुमा गाउँपालिकाले सडक स्तरोन्नती तथा नाला निर्माण जस्ता विकास निर्माणका लागि वजेट विनियोजन नगरिने हुँदा सोही बमोजिमको सार्वजनिक सूचना प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा स्वास्थ्य क्षेत्रको शशर्त अनुदान अन्तर्गत खोप भवन निर्माणको लागि प्राप्त भएको कार्यक्रमवाट वडा नं. ९ रुपाकोट खोप केन्द्रको नजिकमा उक्त भवन निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा एकिकृत सम्पत्तिकर प्रयोजनको लागि सम्पत्ति विवरण फाराम दाखिला गर्नका लागि सूचना प्रवाह गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेको सिसहनिया स्वास्थ्यचौकीमा रिक्त रहेको अ.हे.व. संख्या १ र अ.न.मी. संख्या १ मा प्रचलित कानून बमोजिम पदपूर्ति हुदाका वखत स्वत : हटने गरी गाउँ स्वास्थ्य इकाइमा छनौट हुने बैकल्पिक उम्मेदवारहरु मध्येवाट एक जना अ.हेव. र एक जना अ.न.मी. खटाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ : संघीय तथा प्रदेश सरकार संग माग गर्ने योजनाहरु सम्वन्धमा छलफल गर्दा देहाय बमोजिमका योजनाहरु संघीय तथा प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

**<u>संघीय सरकार संग माग गर्ने योजनाहरु</u>** :

१. खुरुरीया-बडहरा जोडने राप्ती नदीमा झोलुङ्गे पुल निर्माण ।

२. लाहापे-भालुवाङ जोडने राप्ती नदीमा पक्की पुल निर्माण ।

३. वडा नं. ३ मा रहेको मझेरीया मुहान ईन्टेक निर्माण ।

४. वडा नं. १ मा रहेको बराखट्टी बनकुलोको मुहान ईन्टेक निर्माण ।

**<u>प्रदेश सरकार संग माग गर्ने योजनाहरु</u>** :

१. राप्ती गाउँपालिकाको चक्रपथलाई लमही न.पा. सँग जोडने सडक निर्माण ।

२. राप्ती गाउँपालिकाको पहाडी सडकलाई लमही न.पा.सँग जोडने सडक निर्माण ।

२०७५।१।१८

Scanned with CamScanner